# स्थानिय सरकार

# पोखरिया नगर राजपत्र

## पोखरिया नगरपालिका द्वारा प्रकाशित

खण्ड (१) पोखरिया फाल्गुन महिना ५ गते २०७५ साल संख्या १

भाग –१

# पोखरिया नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम पोखरिया नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्व सधारण को लागी प्रकाशित गरिएको छ ।



Scanned by CamScanner

पोखरिया नगरकार्यपालिकाको कार्यालय पोखरिया, पर्सा २ नं. प्रदेश नेपाल २०७३

संवत २०७५ सालको ऐन नं.–१

**ऐनको नाम – पोखरिया नगरपासलकाको मठ मन्दिर मठ मन्दिर संचालन तथा व्यवस्थापन ऐन–२०७५**

प्रस्तावना :

नगरक्षेत्र भित्र रहेका पुरातत्व, प्राचीन स्मारक,सार्वजनिक महत्वका मठ मन्दिरहरु एंव त्यसका सम्पत्तिहरुको रेखदेख एंव उदेश्यपुरक रुपमा परिचालन गर्न धर्म संस्कृतिको जगेर्ना गर्न सम्बन्धी व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

पोखरियानगरपालिका नगरसभाले नेपालको संविधानको धारा २२६ (१) र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम : मठ मन्दिर संचालन तथा व्यवस्थापन ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

क) " नगरपालिका" भन्नाले पोखरिया नगरपालिकालाई सम्झनु पर्छ ।

ख) " नगरकार्यपालिका "भन्नाले पोखरिया नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

ग) " मठ मन्दिर संचालन तथा व्यवस्थापन समिति" भन्नाले यस ऐन बमोजिम स्थानीय स्तरमा सार्वजनिक महत्वका लागि रहेका मन्दिरहरुको रेखदेख र संचालनका लागि गठन भएका समितिहरुलाई सम्झनु पर्छ ।

घ) "नगरसाभा"भन्नाले पोखरिया नगरपालिकाको सभा सम्झंनु पर्छ ।

ड) "मन्त्रालय " भन्नाले संघ वा प्रदेश सरकारले स्थानीय तह हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले स्थानीय कानुन र यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।



Scanned by CamScanner

**३. ऐनको उदेश्य :**

यस ऐनको उदेश्य देहाय बमोजिम हुनेछ ।

क) सार्वजनिक महत्वका मठ मन्दिरहरुको रेखदेख र नियमित पुजापाठको व्यवस्था मिलाउनु ।

ख) सार्वजनिक महत्वका मठ मन्दिरहरुको सम्पत्तिहरुको अभिलेख तयार गरी संरक्षण गर्नु ।

ग) मठ मन्दिरका आम्दानीहरुलाई हिनामिना हुन नदिई पुजापाठ, धार्मिक कार्य र सार्वजनिक हितमा उपयोग गर्नु ।

घ) मठ मन्दिर संचालन तथा व्यवस्थापनमा नगरपालिका, निजी क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि गर्नु ।

**४. मठ मन्दिर संचालन तथा व्यवस्थापन समितिको गठन :**

१) स्थानीय समितिलाई मठ मन्दिर सरक्षण सम्बनधमा सल्लाह सुझाव तथा निर्देशन दिन एक नगर स्तरीय समिति रहनेछ ।

क.संयोजक : नगर प्रमुख

ख. सदस्य : नगर उपप्रमुख

ग. सदस्य : प्रमुखप्रशासकियअधिकृत

२) स्थानीयस्तरमा प्रत्येक मठ मन्दिर संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको मठ मन्दिर संचालन तथा व्यवस्थापन समिति रहने छन् ।

क) अध्यक्ष : सम्बन्धित वडाका वडाध्यक्ष

ख) सदस्य : वडा सदस्यहरु

ग) सदस्य : वडा सदस्यहरु मन्दिरकापुजारी

घ) सदस्य : मठ मंदिर विकासमा योगदान पुऱ्याएका मध्ये तीन जना अध्यक्षले मनोनयनगर्ने

ङ) सचिव : सम्बन्धित वडाका सचिव

३) मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ ।

**५. समितिको कामकर्तव्य र अधिकार :**

मठ मन्दिर संचालन तथा व्यवस्थापन समितिको देहायको काम कर्तव्य र अधिकार हुनेछ ।



Scanned by CamScanner

क) नियमित पुजापाठको व्यवस्था मिलाउनु ।

ख) मन्दिरको सम्पत्तिको रेखदेख र संरक्षण गर्नु

ग) मन्दिरको विकासको लागि योजना निर्माण गर्नु ।

घ) वार्षिक आम्दानी र खर्चको अनुमानित विवरण तयार गरी नगर सभामा पेश गर्नु ।

ङ) चौमासिक आय र व्ययको विवरण नगर कार्यपालिकामा पेश गर्नु ।

**६. समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

देहायको पदाधिकारीहरुको देहाय अनुसारको काम कर्तव्य र अधिकार हुनेछ ।

**क) संरक्षक :**

१। . मठ मंदिर व्यवस्थापन र विकासको लागि समिति र पदाधिकारीलाई आवश्यक सल्लाह सुझाव र निर्देशनदिने ।

२। बैठकको अध्यक्षतागर्नु ।

३। आम्दानी खर्चको विवरण तयार गरी नगर कार्यपालिका र सभामा पेश गर्ने ।

४। समितिको निर्णय कार्यान्वयन गर्ने ।

५। नियमिति पुजापाठको व्यवस्था मिलाउने ।

६। योजना निर्माणमा समितिलाई मदतगर्ने, योजना र कार्यक्रमको कार्यान्वयन गर्ने ।

७। मन्दिरको सम्पत्तिको रेखदेख र संरक्षणमा प्रमुख भुमिका निर्वाह गर्ने

८। प्रत्येक चौमासिकमा कम्तीमा एक पटक हुने गरी प्रत्येक आ.व.मा कम्तीमा तीन पटक वैठक बोलाउनु पर्नेछ ।.

**ग) सचिव :**

१) बैठकको माईन्यूट गर्नु ।

२) अध्यक्षको निर्देशनमा वैठक बोलाउनु ।



Scanned by CamScanner

पोखरिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पर्सा, प्रदेश नं. २ नेपाल २०७३

३) माईन्यूट र अन्य कागजातहरु सुरक्षित साथ राख्नु ।

**घ) सदस्यहरु :**

१) मन्दिरको विकासका लागि योजना निर्माणमा समितिलाई आवश्यक सल्लाह, सुझाव प्रदान गर्ने ।

२) मन्दिरको सम्पत्तिको रेखदेख, संरक्षण गर्ने ।

३) समितिको वैठकमा भागलिने ।

**७. कोष व्यवस्थापन**

क) प्रत्येक समितिको छुटाछुटै एउटा कोष रहनेछन् । कोषमा रहेको रकम नगरमा रहेको कुनै सरकारी बैंकमा खाता खोली जम्मा गरिनेछ ।

ख) बैंक खाताको संचालन अध्यक्ष र सचिवको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

ग) सबै किसिमको आम्दानी बैंक दाखिला गरी बैंकबाट खर्च गर्नु पर्नेछ ।

घ) खर्चको लागि सचिवको जिम्मामा रु बीस हजार सम्मको नगदीकोष रहनेछ । सचिवले पेश्की लिई लिखित आदेशमा खर्च भएपछि सो फछ्यौट गरी मात्र अर्को पटक नगदी कोषको लागि पुन पेश्की लिन सक्नेछ ।

**८. जनशक्ति व्यवस्थापन :**

क) मन्दिरको नियमित पूजापाठको लागि एक जना पुजारी नियूक्ति गरिनेछ । पहिलो देखि पुजापाठ गर्दै आएका पुजारीलाई विषेश ग्राहयतादिई नियुक्ति गरिनेछ । मन्दिर कोषबाट आवश्यकता अनुरुप समितिले अन्य कर्मचारी नियुक्त गरी नगरसभाबाट वार्षिक कार्यक्रमबाट अनुमोदन गराउनु पर्ने छ ।

ख) पुजारीले नियमित पूजापाठको व्यवस्था मिलाउनु पर्नेछ ।

ग) पुजारी लगायत मंदिर व्यवस्थापन गर्न नियुक्त कर्मचारीले मन्दिरको विकास लगायत विविध कार्यमा समिति एवं पदाधिकारीहरुलाई सहयोग गर्नुपर्नेछ ।

## ९. लेखापरिक्षण :

मठमन्दिर संचालन तथा व्यवस्थापन समितिमा रहेको कोषको लेखापरिक्षण प्रचलित कानुन बमोजिम गरिनेछ ।

१०. **सजायः** (१) ऐनको दफा (४) बमोजिम मठमन्दिर संचालन तथा व्यवस्थापन समिति गठन भएकोमा बाहेक कसैले नगरपालिका भित्र मठमन्दिर संचालन तथा व्यवस्थापन समिति गठन गरी आफु खुशी सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई १,००,०००.०० (एक लाख) रुपैयाँ सम्म जरिवाना



Scanned by CamScanner

नगरकार्यपालिकाले गर्न सक्नेछ र नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ र उक्त समिती स्वतः विधटन भइ पुन यस ऐन बमोजिमको समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम सजाय गर्नुपूर्व सम्बन्धित व्यक्ति वा संस्थालाई लागेको आरोप खुलाई सजाय गर्नु नपर्ने भए आधार र कारण प्रस्तुत गर्न मौका दिनुपर्नेछ ।

११.यस ऐन बमोजिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ ।

१२. **नियम निर्देशिका बनाउन सक्ने:** यो ऐनको उद्देश्य पूरा गर्न नगरकार्यपालिकाले आवश्यक नियम निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

## १३. थपघट र हेरफेर :

यस ऐन कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा बाधा अड्चन फुकाउने प्रयोजनका लागि समितिको राय, सल्लाह, सुझावमा नगर सभाले आवश्यकता अनुसार थपघट संशोधन र हेरफेर गर्न सक्नेछ ।

## १४. खारेजी र बचाउ :

यस ऐनमा उल्लेख भएका कुराहरु यसै ऐन बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ । मठमन्दिर संचालन तथा व्यवस्थापन सम्बन्धी नगरपालिका तथा नगरकार्यपालिकाबाट यस अधि भएका सम्पुर्ण निर्णय , कार्यवाही र बनेका निति नियम निर्देशिका यसै ऐन बमोजिम भएका र बनेका मानिनेछ ।

अज्ञाले
धर्मराज बहादुर थापा
नि. प्रमुख प्रशासकीय अधिकृत
पोखरिया नगरपालिका,पर्सा ।
प्रमुख प्रशासकीय अधिकृत

पोखरिया नगरपालिका
मिति २०७५।११।५ गते